# महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन भत्ता कोष संचालन कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७५/०१/०९

१.**प्रस्तावना** :यस माङसेबुङ गाँउपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम सेबिकालाई मध्यनजर राखेर उहाहरुलाई आफनो कामको मुल्याङकन गर्दै हाल सम्मनि:स्वार्थ समाजमा अत्यन्तै महत्वपूर्ण महिलाको पक्षमा सुक्ष्म,पक्ष र अति संवेदनशील क्षेत्रमा रहेर आफ्नो जिम्मेवारी पूरा गर्दै आइरहेको हुनाले, महिला स्वास्थ्य स्वयम्  सेविकाहरुलाई प्रोत्साहन भत्ता दिने पहिलो गाउँ सभाले निर्णय गरेको हुँदा यो महिला स्वाथ्य स्वयम् सेविका प्रोत्साहन भत्ता कोष संचालन कार्यविधि, २०७५ निमार्ण गरी जारी गरिएको छ । यो कार्यविधि गाँउ कार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त लागु हुनेछ । यस कार्यविधिमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत भन्नाले यस गाउपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउछ ।

२. **उद्धेश्य :**

यो कार्यविधिको उद्धेश्य निम्न रहेको छ : (१) महिला स्वयम् सेविकाहरुको क्षमतामा अभिवृद्धि गरी जनतामा थप सेवा दिन प्रेरणा प्रदान गर्ने ।

(२) गाउँपालिका भरिको महिला स्वास्थ्य स्वयम् सेविकाले गर्ने कार्यलाई एकरुपता, समयमा पीडित पक्षसम्म सेवा प्रदान गर्ने ।

(३) यो कार्यविधिबाट स्थानीय तहको बिभिन्न टोल टोलसम्म पुगेर महत्वपूर्ण भुमिका निभाइ रहेको स्वयम सेविकाहरुलाई सम्मान, थप काम गर्नलाई आत्माबल बलियो बनाउनको निम्ति प्रोत्साहन भत्ता प्रदान गर्ने ।

३. **लक्ष्य :**

(१)महिला स्वास्थ्य स्वयम् सेविकाहरुबाट माथि उल्लेखित उद्धेश्य बमोजिम  समाजमा हुने र हुन  सक्ने स-साना सहयोग र सेवा प्रदान गरी स्वास्थ्य क्षेत्रमा योगदान पुर्याउने ।

(२) अनाहकमा हुने घटनाहरु क्म गर्ने ।

४. **महिला स्वास्थ्य स्वयम् सेविकाको काम, कर्तब्य र क्षेत्राधिकार :**

(१) परिवार नियोजनको साधन कण्डम पिल्स ,आदि बितरण गर्ने ।

(२) आइरन चक्की गर्भवती आमाहरुलाई बितरण गर्ने ।

(३) स्वास्थ्य शिक्षा स्थानीय टोलहरु समायोजन गर्ने ।

(४) अन्य प्राप्त औषधीहरु सम्बन्धीत पक्षमा पुर्‍याउने ।

(५) गर्भवती महिलाहरुको एकिन गर्ने र सम्बन्धीत पक्षलाई अध्यावधिक गराउने ।

(६) गर्भ जाच तथा बालबालिकालाई सिटामोल ,जिवनजल आदि बितरण गर्ने ।

(७) गाउ घर क्लिनिकको नियमित सञ्चालनमा सहयोग प्रदान गर्ने ।

(८) मासिक बैठकमा प्रगति बिबरण सहित अनिवार्य उपस्थिति हुनुपर्ने ।

(९) बिभिन्न संघ/संस्थासंग समन्वय गरी थप काम गर्न उत्प्रेरित गर्ने ।

५. **महिला स्वास्थ्य स्वयम सेविका सम्बन्धमा :**

(१) यस गाउपालिका तथा साबिक गाबिसहरुबाट काम गरिरहेको महिला स्वास्थ्य स्वयम् सेविकाहरु नै कायमहुनेछ ।

(२) साविक गाविसहरु (बाँझो ३४ जना, इभाङ २३ जना र गजुरमुखी १८ जना) मा जम्मा ७५ जना यस गाउँपालिकाम ामहिला स्वास्थ्य स्वयम् सेविकाहरु कार्यरत छन ।

(३) हरेक बर्ष मुल्याङकन तथा कार्य प्रगति विवरण तयार गरी सम्बनधीत निकायमा पेस गर्नुपर्ने छ ।

(४) सम्बन्धीत क्षेत्रमा काम गर्न नसके समयमा नै गाउँपालिकालाई जानकारी गराउनु पर्ने छ ।

(५) गाउँपालिकाले त्यस्तो काम गर्न नसक्ने र आवश्यकता परे नयाँ महिला स्वास्थ्य स्वयम् सेविका तयार गर्न सक्नेछ ।

६. प्रोत्साहनभत्तातथा राहत:.

(१) प्रत्येक महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई एक महिना बापत रु. १००।- को दरले गाउँपालिकाले प्रोत्साहन भत्ता उपलब्ध गराउने छ ।

(२) महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता अभिवृद्धिको लागि कार्यक्रम बनाई लागु गर्ने छ ।

(३) वार्षिक प्रगति र कामको आधारमा उत्कृष्ट काम गर्ने कम्तिमा प्रत्येक वडाका १/१ जना गरी ६ जनालाई पुरस्कृत गर्ने ।

७. प्रोत्साहन भत्ता बितरण प्रकृया :

(१)नेपालीनागरिकता प्रमाण पत्रको फोटोकपीको प्रतिलिपि -१ थन ।

(२) महिला स्वाथ्य स्वयमसेबिकाभएको प्रमाण पत्रको फोटोकपीको प्रतिलिपि -१ थान ।

(३) सम्बन्धीत वडा कार्यालयबाट वडा अध्यक्षको सिफारी पत्र -१ थान ।

(४) सम्बन्धीत व्यक्तिको निवेदनपत्र

(५) सम्बन्धीत स्वास्थ्य संस्थाबाट सिफारिस पत्र -१ थान ।

(६) कार्य प्रगति विवरण समेत सम्बन्धीत निकायबाट सिफारिस हुनुपर्ने ।

(७) विभिन्न संघ संस्थासंग समन्वय गरी थप काम गरेको प्रमाण पत्र भए सोको फोटोकपी -१ थान ।

८. गाउँपालिकाको भूमिका र काम :

१ आवश्यक कागज सहित ब्यक्तिगत बिबरण राख्ने ।

२ आवश्यकता अनुसार महिला स्वास्थ्य स्वयम सेविका मार्फत सम्बन्धीत क्षेत्रमा अन्य कार्य अघि बढाउने ।

३ लेखा बिबरण राख्ने ।

४ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अध्यक्षको सिफारीसमा प्रोत्साहन भत्ता भुक्तानीको लागि सिफारीस गर्ने ।

५ प्रमुख प्रशासकिय अधिकृतले कार्यान्वयन गर्ने ।

९. विधि :(१) महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन भत्ता संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाको साधारण बहुमतबाट गर्न सकिनेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) यस निदेर्शिकामा उल्लेखित प्रावधानहरु प्रचलित कानुन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

प्रमाणीकरण मिति : २०७५/०१/०९